नेपाल सरकार

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## आन्तरिक प्रशासन शाखा

☎ ४२२३५८०
४२६२६९६
४२६९७३६

रामशाहपथ
काठमाडौं, नेपाल

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

प.सं. ०८१/८२/१/आ.प्र.
च.नं. ८४५

मितिः २०८२/०१/१७
नेपाल संवत् ११४५

श्री सङ्घीय अस्पताल, सबै ।
श्री प्रादेशिक अस्पताल, सबै ।
श्री जनस्वास्थ्य कार्यालय/जिल्ला अस्पताल, सबै (७७) ।
श्री आधारभूत अस्पताल/नगर अस्पताल, सबै ।

<u>विषयः स्वदेशी वस्तुको प्रयोग सम्बन्धमा।</u>

प्रस्तुत विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट अनुरोध भई आएको प.सं. ०८१/८२, च.नं. १३८७, मिति २०८२।०१।०८ को पत्र यसैसाथ संलग्न छ । सो सम्बन्धमा सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग सम्बन्धी निर्देशिका, २०८१ मा उल्लेख भएबमोजिम उक्त मन्त्रालय अन्तर्गतको केन्द्रीय कारागार कारखानाबाट उत्पादित सुति कपडाहरू त्यस अस्पताल तथा स्वास्थ्य कार्यालय/स्वास्थ्य संस्थामा नियमानुसार प्रयोग गर्नु/गराउनुहुन निर्णयानुसार अनुरोध छ।

विश्वबन्धु रेग्मी
शाखा अधिकृत

<u>बोधार्थ</u>
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।
श्री सूचना प्रविधि शाखा, स्वा.तथा ज.सं.मः यसैसाथ संलग्न पत्र मन्त्रालयको Website मा अपलोड गरिदिनु हुन।

नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
(प्रशासन तथा संस्थान महाशाखा)

Website: https://moics.gov.np
E-mail: info@moics.gov.np
फोन नं:- ४२११६७५
सिंहदरबार, काठमाडौं
नेपाल

प.सं.: प्रशासन/२०८१/८२
च.नं.: १३८८

मिति: २०८२।०१।०८
नेपाल संवत् ११४५ चौलागा अष्टमी

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं
दर्ता नं.:- ६२८५
दर्ता मिति:- २०८२।१।१!

श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय,
रामशाहपथ, काठमाडौं।

विषयः- समन्वय गरिदिने सम्बन्धमा।

केन्द्रीय कारागार कारखानाको पत्र संख्या:०८१/८२ चलानी १५९, मिति २०८१।१२।२० को पत्रबाट सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग सम्बन्धी निर्देशिका, २०८१ ले उपलब्ध भए सम्म स्वदेशी वस्तुको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको सन्दर्भमा यस मन्त्रालय अन्तर्गतको केन्द्रीय कारागार कारखानाबाट उत्पादित सुति कपडाहरु नेपाल सरकार मातहत रहेका अस्पताल तथा स्वास्थ्य कार्यालयहरुमा प्रयोग गर्नका लागि आवश्यक समन्वयका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०८२।१।८
(लोकेन्द्र सिंह नेगी)
शाखा अधिकृत

बोधार्थः
श्री केन्द्रीय कारागार कारखाना, भोटेबहाल, काठमाडौं ।

श्री ... मार्फत
०८२।१।१५

प्र १५४६
१।१५

G:\Other computers\My Computer (1)\MOICS Letter Files_2.23.2025 onwards\२०८१-८२\कर्मचारी\विवरण पठाइएको.docx